श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७९/०८० सालको निर्णय नं. १३२

पुनरावेदन नं. ०७७-RB-०४०७

पुनरावेदन दर्ता मितिः-२०७७।०९।१२

मुद्दाः- आयकर (आ.व. २०७१/०७२) ।

का.जि.का.म.न.पा.वडा नं.३२ सिनामंगल स्थित स्थाई लेखा नं. ३०३४०७५४८ को देवयानी ईन्टरनेशनल नेपाल प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त कम्पनी सचिव रितु राज साह..१	पुनरावेदक

विरुद्ध

श्री मध्यमस्तरीय करदाता कार्यालय बबरमहल, काठमाडौं..............................१ श्री आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं.......................................१	प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- मध्यम स्तरीय करदाता कार्यालय, बबरमहल

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री झक्कप्रसाद आचार्य

शुरु कार्यालयको निर्णय मितिः-२०७५।११।१३

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री बिनोदबहादुर कुवर

निर्णय मितिः- २०७७।०४।२६

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः- विद्वान् अधिवक्ता द्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

<u>अवलम्वित नजीरः ×</u>

मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलका प्रमुख कर प्रशासक श्री झक्कप्रसाद आचार्यबाट मिति २०७५।११।१३ मा भएको संसोधित कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०४।२६ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन,२०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलका कार्यक्षेत्र अन्तर्गतका करदाता श्री देवयानी ईन्टरनेशनल नेपाल प्रा.लि.ले आ.व. २०७१/०७२ को आयकर ऐन, २०५८ को दफा ९९ वमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रू.७,९४,१३,४२७,००।- कायम गरी मिति २०७२।०९।२४ मा मध्यम स्तरीय कार्यालयमा आय विवरण पेश गरेको।

२. आ.व. २०७१/०७२ को लागि मध्यमस्तरीय करदाता कार्यालयबाट श्री देवयानी ईन्टरनेशनल नेपाल प्रा.लि.को उक्त आ.व. को कारोवारको पूर्ण कर परीक्षण गर्ने शिलसिलामा आय विवरण र संलग्न वासलात एवं नाफा नोक्सान हिसावको साथै परीक्षणको क्रममा पेश भए सम्मका कागजातको परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नुपर्ने रकमहरु समावेश नगरेको तथा खर्च कट्टी गर्न नपाइने खर्चका रकमहरु कट्टी गरिएकोले रू.६,१६,५०,५८३।०० करयोग्य नोक्सानी कायम गरी आयकर ऐन, २०५८ को दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण गर्नुपर्ने देखिन आएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै कारण प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नु भनी मिति २०७५।१०।०८ मा दफा १०१(६) बमोजिम करदाताको नाममा सूचना जारी गरिएको।

३. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७५।१०।०८ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएकोमा उक्त पत्र करदाताले मिति २०७५।१०।०८ मा नै बुझी लिई सो को जवाफ मिति २०७५।१०।२३ मा पेस गरेको ।

४. यसमा करदाताले पेश गरेको जवाफमा वरुण प्रा.लि. र यस करदाताको Common Director अमित गुप्ता रहेको र आयकर ऐन, २०५८ को दफा २ (क)(न) मा कर्मचारी कुनै निकायको सम्बद्ध व्यक्ति हुन नसक्ने व्यवस्था रहेकोले ऐनको दफा १४(२) वमोजिम व्याज खर्च अमान्य गर्नु कानुन वमोजिम नहुने भनी गरेको दावी उपयुक्त देखिँदा करदाताको दावी पुग्ने ठहरी दफा १०१(६) वमोजिमको सूचनामा संशोधन हुने, वढी खरिद दावी गरी व्यापार मौज्दातको लागत वढी देखाइ मुनाफा घटाएको शिर्षकमा

करदाताले मिति २०७५।१०।०८ को संशोधित कर निर्धारण आदेशको सम्बन्धमा कुनै जवाफ पेश नगरी सो आदेशलाई स्वीकार गरेको देखिँदा संशोधित कर निर्धारणको सूचनामा कुनै संशोधन गर्नु नपर्ने, **Staff welfare** खर्च रू.१,२४,६८१।०० प्रशासकिय खर्च अन्तर्गत मात्र दावी गरेको देखिँएकोले उक्त खर्चलाई प्रशासनिक खर्चको ठहर खण्डमा उल्लेख भए वमोजिम गर्ने गरी प्रत्यक्ष खर्चबाट अमान्य गर्ने गरी जारी गरिएको संशोधित कर निर्धारणको सूचनामा संशोधन गर्ने र अन्य खर्चको हकमा ऐनको दफा १३ वमोजिमको खर्च मान्न सकिने अवस्था नदेखिएकोले आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिमको सूचनामा परिवर्तन गर्नु नपर्ने, प्रत्यक्ष खर्च अन्तर्गत Loading, Unloading and Transportation मा खर्च देखाएको रू.८,७१,३५७।-, कर परीक्षणको सिलसिलामा रीतपूर्वकको खर्चको विल भर्पाई पेश गर्न नसकेको देखिएकोले यो खर्चलाई ऐनको दफा १३ र १५ विपरितको भनी अमान्य गरी जारी गरिएको आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिमको सूचनामा कुनै परिवर्तन गर्नु नपर्ने, प्रशासनिक खर्च अन्तर्गत Staff Welfare शिर्षकमा रू.१,८८,०४५।- दावी गरेकोमा यसलाई ऐनको दफा १३ वमोजिमको खर्च मान्न नसकिने, करदाताले **Travelling Foreign Expenses** खर्च शिर्षकको क्रेडिट रकम नघटाई डेविट जम्मालाई नै अमान्य गरिएको भनी जिकीर गरेको सम्बन्धमा करदाताले जवाफमा डेविट नोटमार्फत कति रकम क्रेडिट गरेको हो भन्ने स्पष्ट दावी गरेको नदेखिँदा आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिम जारी सूचनामा कुनै परिवर्तन गर्नु नपर्ने, करदाताले Sales Promotion शिर्षकमा आफूले गरेको खर्चलाई पुष्टि गर्ने कुनै कागज पेश नगरेको हुँदा सो खर्चलाई ऐनको दफा १३ वमोजिमको बास्तविक खर्च हो भनेर मान्न सकिने अवस्था नदेखिएकोले आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिम जारी गरिएको सूचनामा कुनै परिवर्तन गर्नु नपर्ने, वढी नोक्सानी जिम्मेवारी सारेको रू.१,२८,३३,१८२।- को सम्बन्धमा करदाताले २०७५।१०।०८ को संशोधित कर निर्धारण आदेश सम्बन्धमा कुनै जवाफ पेश नगरी सो आदेशलाई स्वीकार गरेको देखिँदा संशोधित कर निर्धारणको सूचनामा कुनै संशोधन गर्नु नपर्ने ठहर्छ भन्ने मिति २०७५।११।१३ मा मध्यम स्तरीय करदाता कार्यालयबाट भएको निर्णय पर्चा।

५. श्री देवयानी ईन्टरनेशनल नेपाल प्रा.लि.को आ.व. २०७१/०७२ को कारोवारको पूर्ण कर लेखापरीक्षण गर्ने सिलसिलामा मिति २०७२।०९।२४ मा पेश गर्नु भएको आ.व. २०७१/०७२ को आय विवरण र संलग्न वित्तीय विवरणको साथै परीक्षणको क्रममा पेश भए सम्मका कारोवारको खातावही तथा सोलाई पुष्टि गर्ने विल भर्पाई प्रमाण, फाँटवारी आदिको परीक्षण एवं आफ्नो सफाइको लागि मिति २०७५।१०।२३ मा पेश गर्नु भएको लिखित जवाफको अध्ययन गरी आयकर ऐन, २०५८ अनुसार आयमा समावेश गर्नुपर्ने देखिएका रकमहरु र खर्चकट्टी गर्न नमिल्ने देखिएका खर्चमा रकमहरु समावेस गरी प्रस्तुत आ.व.को लागि जम्मा रू.६,१८,४५,९७५।०० करयोग्य नोक्सानी कायम गरी सोही ऐनको दफा १०१ को उपदफा (१) वमोजिम संशोधित कर निर्धारण गर्ने मिति २०७५।११।१३ मा भएको निर्णयअनुसार आयकर ऐन, २०५८ को दफा

१०२ वमोजिम करदाताको नाममा मिति २०७५।११।१३ मा मध्यमस्तरिय करदाता कार्यालयबाट जारी भएको सूचना।

६. विपक्षी मध्यमस्तरीय करदाता कार्यालयको मिति २०७५।११।१३ मा भएको संशोधित कर निर्धारण आदेश आयकर ऐन, २०५८ को दफा १३, १५, र २१(१)(क) विपरित भई त्रुटीपूर्ण हुँदा वदर गरी पाउ भन्ने समेत जिकीर लिई आन्तरिक राजस्व विभागमा करदाताले मिति २०७५।१२।१४ मा दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन।

७. व्यवसायको आय आर्जन कार्यमा भएको खर्च भन्ने पुष्ट्याई गर्ने कुनै ठोस प्रमाण तथा कागजात पेश नगरेको अवस्थामा आयकर ऐन(संशोधित सहित), २०५८ को दफा १५ वमोजिम Staff welfare and amenities शिर्षकमा रू.४३,६७,५६२।-, आयकर ऐन (संशोधित सहित), २०५८ को दफा १३ वमोजिम Loading,unloading र Transporation समावेश गरी Carriage Inward शिर्षकमा दावी खर्च रू.२,०६,३५०।-, ऐ दफा २१(१)(क)वमोजिम Staff Welfare शिर्षकमा दावी रू.१,८८,०४५।- र ऐ.ऐ दफाको सोही उपदफा वमोजिम Travelling and conveyance खर्च शिर्षकमा समावेश गरी Loading and Boarding शिर्षकमा खर्च रू.५,१८,५८८।- र Travelling Foreign Expenses लगायतका खर्च कट्टी गर्न नमिल्ने भनी कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिएको हुदा निवेदकको निवेदन जिकीर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको मिति २०७७।०४।२६ मा आन्तरिक राजस्व विभागका महनिर्देशकबाट भएको निर्णय पर्चा।

८. यसमा Staff Welfare and Amenities, Loading, unloading and Transportation, Staff welfare, Travelling and Conveyance, Sales Promotion र Breakages and Spoilage अन्तर्गत गरिएको खर्च सम्बन्धमा कम्पनिले दफा १०१ को जवाफ दिने कार्यालयको समयमा नै सो खर्चको विल विजक भर्पाई पेश गरेको अवस्थामा पनि खर्च पुष्ट्याई गर्ने कागज पेश नगरेको भनी ऐ. ऐनको दफा १३(ग) मा व्यवसाय वा लगानीबाट आर्जन हुने कार्यमा भएका खर्च कट्टी गर्न पाउने कानुनी व्यवस्था अनुसार नै Staff Welfare and Amenities Loading And unloading and Transportation अन्तर्गत खर्च गरेको साथै ऐ.ऐ दफा २१ को स्पष्टिकरणमा घरेलु तथा व्यक्तिगत प्रकृतिको खर्च भन्नाले प्राकृतिक व्यक्तिको खर्च वासस्थान खाना खाजा मनोरन्जन वा आमोद प्रमोदका अन्य क्रियाकलापहरु उपलब्ध गराउने खर्चलाई मानिएकोमा उक्त व्यवस्थालाई उल्लेख गरी पुनरावेदकले गरेका Staff Welfare र Amenities Loading अन्तर्गत का खर्च, Sales Promotion र Breakages and Spoilage मा भएको खर्च दफा १३ अनुसार कट्टी गर्न नमिल्ने, करदाताले २०७५।१०।०८ को संशोधित कर निर्धारण आदेश सम्बन्धमा कुनै जवाफ पेश नगरी सो आदेशलाई स्वीकार गरेको देखिँदा संशोधित कर निर्धारणको सूचनामा कुनै संशोधन गर्नु नपर्ने ठहर्छ भनि गरेको मध्यम स्तरिय करदाता कार्यालयको निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय

कानून सम्मत नहुँदा बदर गरी पाउ भन्ने समेत व्यहोराको मिति २०७७।०९।१० मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।०१।२३ मा यस न्यायाधिकरणबाट भएको आदेश।

<u>**ठहर खण्ड**</u>

१०. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री देवायानी इन्टरनेशनल प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेतीले मध्यमस्तरिय करदाता कार्यालयले करदाताको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, मध्यमस्तरीय करदाता कार्यालय बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, सर्व प्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नु पर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने** कानूनी व्यवस्था गर्दै **"खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा पुनरावेदन पत्रको प्रकरण नं. ४ मा यस आ.व. मा रू.८,३४,३२७।- वढी दाखिला भएकोले धरौटी रकम वापत रकम दाखिल गर्न परेन

भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। मिसिल संलग्न मध्मस्तरीय करदाता कार्यालयबाट जारी भएको मिति २०७५।११।१३ को आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचनामा आ.व २०७१/०७२ को लागि रकम रु. ६,१८,४५,९७५।- सशोधित करयोग्य नोक्सानी कायम भएको र करदाताले रू.८,३४,३२७।- आय विवरण साथ अग्रीम दाखिला गरेको हुँदा वढी दाखिला कर रू.८,३४,३२७।- आगामी आ.व. मा मिलान गर्नुहोला भनी करदातालाई निर्देश गरि राखेको देखिन आउँछ। यसरी आ.व. २०७१/०७२ मा करदाताको कुनै पनि करदायित्व बाँकी रहेको नदेखिँदा करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन। त्यसैले पुनरावेदन पत्र खारेज हुनुपर्ने भन्ने लेखा सदस्यको राय संग सहमत हुन सकिएन।

१३. अब पुनरावेदक करदाताको पुनरावेदन पत्र तर्फ दृष्टि दिँदा पहिलो पुनरावेदन जिकीर Staff welfare and Amenities शिर्षकमा दावी गरेको खर्च आयकर ऐनको दफा १३ (ग) मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च कट्टी गर्न गर्ने कानूनी व्यवस्था अनुसार नै Staff welfare and Amenities अन्तर्गतको खर्च गरेको हुँदा उक्त खर्च कट्टी अमान्य गर्ने गरी भएको निर्णय बदर गरी पाउ भन्ने पुनरावेदन जिकीर रहेको देखिन्छ। यस शिर्षकमा शुरु कर कार्यालयले करदाताले दावी गरेको रू.४३,६७,५६२।- मध्ये १६,६७,२२९।- अमान्य गरी उक्त खर्च व्यावसायिक प्रयोजनको लागि नभई व्यक्तिगत प्रयोजनको लागि गरेको भन्ने तर्क अघि सारेको देखियो। यस सम्बन्धमा करदाताले मिति २०७५।१०।२३ मा पेश गरेको जवाफमा यो खर्च प्रत्यक्ष श्रमिकको लागि गरिएको, कम्पनीमा महिला श्रमिकको संख्या अत्यधिक रहेको र तिनीहरुको सुरक्षालाई मध्यनजर गर्दै Staff Drop Facility को लागि श्रम ऐन, २०४८ को दफा ३३ को परिपालना गर्न धनलाल मोटर सर्भिससंग संझौता नै गरेर तेस्रो पक्षलाई भुक्तानी दिएको रकम भएकोले आयकर ऐन, २०५८ को दफा १३ वमोजिम खर्च कट्टी पाउनु पर्छ भन्ने व्यहोरा उल्लेख गरेको देखिन आउँछ।साविक श्रम ऐन,२०४८ को दफा ३३ मा **"सूयास्त भएपछि वा सूर्योदय हुनुभन्दा अघि कार्य समय प्रारम्भ वा समाप्त हुने गरी महिला श्रमिकलाई काममा लगाउँदा कार्यस्थलमा आउन तथा कार्यस्थलबाट फर्की जान रोजगारदाताले यातायातको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाता कम्पनिको कामको प्रकृति अनुसार कारोवार बन्द गर्दा सामान्यतया राती ११/१२ वजे हुने र यातायातको साधन पाउन कठीन हुने हुँदा तेस्रो पक्ष धनलाल मोटर सर्भिससंग सम्झौता गरी गाडी भाडामा लिई रातको समयमा श्रमिकहरुलाई घर सम्म पुऱ्याउन उक्त खर्च गरेको कुरा करदाताले पेश गरेको संझौता पत्र, लेजर विल भरपाइबाट समेत देखिन आयो। यसरी श्रम ऐन २०४८ को दफा ३३ को परिपालना र श्रमिकहरुको सुरक्षार्थ तेस्रो पक्षसंग संझौता गरी भुक्तानी गरेको खर्चको सम्बन्धमा सम्बन्धित कानुनी व्यवस्था, प्रमाण कागजातको यथार्थ मुल्यांकन र विवेचना नगरी व्यक्तिगत प्रकृतिको खर्च भनी खर्च अमान्य गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय

समेत न्यायोचित नदेखिएकोले उक्त शिर्षकको हकमा दुवै तहबाट भएका निर्णय वदर गरी पुनः मुल्यांकन र विवेचना गरी पुनः संशोधित कर निर्धारण गर्न फाइल शुरुमा पठाउनु पर्ने देखियो।

१४. करदाताको Loading, unloading and Transportation तर्फको पुनरावेदन जिकिर तर्फ विचार गर्दा, करदाता कम्पनीले दावी गरेको रू.२,०६,३५०।- खर्च सोही आय वर्षमा स्वयंबाट व्यवसाय आय आर्जन गर्नको निमित्त उक्त खर्च गरेको हुनाले दफा १३ बमोजिम खर्च कट्टी अमान्य गर्ने गरि भएको शुरु निर्णय त्रुटीपूर्ण रहेको भनी पुनरावेदन जिकिर लिएको देखियो। आ.व २०७१/०७२ मा पुनरावेदक करदाताले प्रत्यक्ष खर्च अन्तर्गत Loading, unloading and Transportation शीर्षकमा रू. ८,७१,३५७।- कट्टी दावी गरेकोमा शुरु कर कार्यालयले रू.६,६५,००७।- लाई मान्यता दिएको छ भने कर परीक्षणको सिलसलामा सो शीर्षक अन्तर्गत Carriage Inward उपशिर्षकको संलग्न लेजर बमोजिमको रू.२,०६,३५०।- को रीतपूर्वकको विल भर्पाई पेश हुन नआएकोले आयकर ऐन,२०५८को दफा १३ र १५ बमोजिम अमान्य गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ८१(१) को खण्ड (ग) वमोजिम दावी गरेको प्रत्येक खर्चको प्रमाण पेश गरी पुष्टी गर्ने दायित्व करदाताको नै हुने देखिन्छ। करदाताले सवुद प्रमाण पेश गरी पुष्टी गर्न सकेको रू.६,६५,००७।- लाई मान्यता दिई प्रमाणबाट खर्च पुष्टी हुन नसकेको रकम रु.२,०६,३५०।- मात्र अमान्य गरेको देखिँदा यो शिर्षकको हकमा आयकर ऐन, २०५८ को दफा १३ र ८१ को रोहमा मध्यमस्तरीय करदाता कार्यालयको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरि भएको आन्तरिक राजस्व विभागको महानिर्देशकबाट भएको निर्णयलाई गैर कानुनी एवं त्रुटीपूर्ण भन्न मिल्ने देखिएन।

१५. त्यसै गरी Staff welfare शिर्षकमा दावी गरेको रू.१,८८,०४५।- खर्च अमान्य गरेको निर्णय समेत त्रुटीपूर्ण रहेकोले वदर हुनु पर्ने भनी करदाताले पुनरावेदन जिकीर लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३ मा "**कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोवारसंग सम्बन्धित देहायका खर्चहरू कट्टी गर्न पाउनेछः-**

(क) सो आय वर्षमा भएका

(ख) सो व्यक्तिबाट भएका, र

(ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।यसरी नै सोही ऐनको दफा २१ उपदफा (१) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै व्यवसाय,रोजगारी वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च वा रकम कट्टी गर्न पाईने छैन भन्ने व्यवस्था रहेको पाईन्छ । सोही दफाको उपदफा (३) को स्पष्टीकरण खण्डको (क) मा घरेलु वा व्यक्तिगत प्रकृतिका खर्चको परिभाषा गर्ने उपखण्ड (१)(क) मा "**वासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोद प्रमोदका अन्य क्रियाकलाप उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि**

भएको खर्च" भन्ने उल्लेख भएको देखिन्छ। करदाताले यो शिर्षकमा दावी गरेको खर्च कार्यरत कर्मचारीहरूलाई भुक्तानी गरेको खाना,खाजा,पिउने पानी,पेट्रोल लगायतको खर्च हो भनी स्वीकार नै गरेको देखिन्छ। यसबाट दावी गरेको खर्च स्पष्ट रूपले घरेलु र व्यक्तिगत प्रकृतिको खर्च देखिन आएको स्थितिमा त्यस्तो खर्च वापतको रु.१,८८,०४५।- आयकर ऐन २०५८ को दफा १३ को दायरामा आई खर्च कट्टी गर्न मिल्ने नदेखिँदा शुरु निर्णय तथा सोही निर्णय सदर गर्ने गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई समेत अन्यथा भन्न मिल्ने देखिएन।

१६. अव पुनरावेदक करदाताले Travelling and Conveyance शिर्षकमा लिएको पुनरावेदन जिकिर तर्फ विचार गर्दा, Administration Expenses अन्तर्गत **Travelling and Conveyance** खर्च शिर्षकमा करदाताले कुल रु.४४,२१,४६२।- कट्टी दावी गरेकोमा **Lodging and Boarding** उपशिर्षकको रु.५,१८,५८८।- र **Travelling Foreign Expenses** उपशिर्षकमा खर्च गरेको रु.१९,६५,३१९।- व्यवसायिक प्रयोजनले नभई व्यक्तिगत खर्च गरेको भनी अमान्य गरेको देखियो। करदाताले मिति २०७५।१०।२३ मा पेश गरेको जवाफमा आफ्नो कम्पनी अन्तर्गतको रेष्टुरेन्ट गुणस्तर सुधार, लेखा परीक्षण,टेक्निकल सर्पोट, **IT and Software Support** तथा कर्मचारीहरूलाई ट्रेनिङ्ग दिन आएका उक्त कम्पनिका पेटेन्ट कम्पनीका उच्च पदाधिकारी नेपालको कम्पनी भ्रमण गर्दाको **Air fare** तथा **Lodging and Boarding** मा लागेको खर्च एंव नेपालका कर्मचारीहरू ट्रेनिङ्ग लिन भारत जाँदाको टेक्नोलोजी ट्रान्सफर सम्झौता वमोजिमको खर्च हो भन्ने उल्लेख गरेको देखिन्छ। साथै यो शिर्षकको खर्चलाई पुष्टी गर्ने भौचर, विल विजक समेत पेश गरेको मिसिलबाट देखिन आयो। करदाताले दावी गरेको Technology Transfer Agreement को दफा २.४ मा "**The expenses of accommodation, Food and Local transportation of experts shall be borne by DIPNL.. However expenses for accommodation, food and local transportation of their dependents (spouse, children e.t.c) shall be borne by experts themselves**" भन्ने शर्त उल्लेख भएको सन्दर्भमा शुरु मध्यमस्तरीय करदाता कार्यालयले करदाताले यो शिर्षकमा दावी गरेको खर्च व्यवसायसंग सम्बन्धीत खर्च पुष्टी हुने तथ्यगत आधार र प्रमाण पेश गर्न नसकेको भनी करदाताले उल्लेख गरेको **Technology Transfer Agreements**, पेश भएका विल विजक, भौचरको समेत मुल्यांकन र विवेचना नै नगरेको निर्णयलाई आधार र कारण युक्त निर्णय मान्न नमिलेकोले यो शिर्षकको हकमा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत बदर गरी पुनः संशोधित कर निर्धारण गर्न फाइल शुरु कर कार्यालयमा पठाउन उपयुक्त हुने देखिन आयो।

१७. अव अन्तिममा करदाताले Sales Promotion, Breakages and Spoilage को शिर्षकमा लिएको पुनरावेदन जिकीरतर्फ विचार गर्दा, प्रस्तुत शिर्षकमा करदाताले जम्मा रु.१,१६,४३७।- खर्च कट्टीको दावी लिएको देखिन्छ। उक्त दावी प्रमाणित गर्न करदाताले टुटफुट हुने प्रकृतिका सामान सिसाको बोतल ग्लास प्लाष्टिकमा बोतलहरू

जस्ता समानहरू टुटफुट तथा पुरानो भएर खेर जाने हुदा यस्तो खर्चको विल हुदैन यस्ता सामान्य किसिमको टुटफुट खर्चहरू दैनिक रूपमा नै हुने भएको हुँदा यस्तो खर्चहरू व्यापार व्यवसायसंग नै सम्बन्धित भएको हुँदा आयकर ऐन,२०५८ को दफा १३ बमोजिम उक्त शीर्षकमा भएको खर्च कट्टी गरी पाउ भन्ने तर्क अघि सारेको पाइन्छ। आ.व २०७०/०७१ मा विक्री वितरण खर्च शीर्षक अन्तर्गत Sales Promotion शीर्षकमा रू.४५,८७६।- र Breakages and Spoilage शीर्षकमा रू.७०,५६१।- खर्च दावी गरेकोमा कर परीक्षणको सिलसिलामा उक्त खर्चलाई पुष्टि गर्ने कागजात पेश हुन नआएकोले उक्त खर्चलाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिमको वास्तविक खर्च हो भनेर मान्ने आधार नरहेको भन्ने मध्यमस्तरीय करदाता कार्यालयको निर्णय रहेछ। आयकर ऐन,२०५८ को दफा ८१ उपदफा (१) मा **"यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्तिले विभागबाट तोकिएको प्रकार,ढाँचा,लेखापरीक्षणको प्रमाणीकरण वा भन्य प्रकारले गर्नुपर्ने प्रकाणीकरण तथा प्रमाणीत गर्ने कागजातहरूका अतिरिक्त देहाय बमोजिमका आवश्यक कागजातहरू नेपालमा खडा गरी राखु पर्नेछः-**

(क) यस ऐन बमोजिम विभाषमा पेश गर्नुपर्ने आयविवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात,

(ख) निजले बुझाउनु पर्ने कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,

(ग) खर्च कट्टीलाई पुष्ट्याई गर्ने कागजात" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत शिर्षक Breakages and Spoilage मा खर्चलाई पुष्टी गर्ने प्रमाण नभएको तथ्यलाई करदाताले स्वीकार गरेको देखिन्छ भने Sales Promotion शिर्षकमा भएको खर्चलाई पुष्टी गर्न नेपाल प्रहरीको लागि गरिएको खर्च, दशैको अवसरमा गरिएका छिटपुट खर्च भन्ने जवाफ दिएको भए पनि सो खर्च व्यवसाय वा लगानीबाट आय आर्जनमा रहेको खर्च भन्ने प्रमाणबाट पुष्टी हुन सकेको पाइदैन। यस्तो अवस्थामा खर्चलाई पुष्ट्याई गर्ने रीतपूर्वकको बिल भरपाई पेश नगरेको हुँदा आयकर ऐन (संशोधन सहित),२०५८ को दफा १३ बमोजिम खर्च कट्टी अमान्य गर्नु पर्ने ठहऱ्याई भएको निर्णय कानून सम्मत नै देखिन आउदा आयकर ऐन,२०५८ को दफा १३ बमोजिमम उक्त शीर्षकमा भएको खर्च कट्टी गरी पाउ भन्ने करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

१८. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक श्री देवयानी इन्टरनेशनल नेपाल प्रा.लि. (स्थायी लेखा नं.३०३४०७५४८) को आ.व २०७१/०७२ को संशोधित कर निर्धारण गर्दा मध्यमस्तरीय करदाता कार्यालयले बुदा नं. ३ को Staff welfare and Amenities शिर्षकमा खर्च कट्टीको दावी साथ श्रम ऐन,२०४८ को दफा ३३ को कानूनी आधार तथा तेस्रो पक्ष धनलाल मोटर सर्भिससंग गरिएको सम्झौता र खर्चलाई पुष्टि गर्न लेजर, विल भरपाई समेत पेश गरेकोमा त्यस्तो खर्चलाई अमान्य गरेको र बुदा नं. ६ को Travelling and Conveyance खर्च शिर्षकमा दावी गरेको खर्च टेक्नोलोजी ट्रान्सफर सम्झौता अन्तर्गतको रहेको र सोको आधार तथा खर्चलाई पुष्टि गर्ने लेजर,विल भरपाई समेत पेश गरेकोमा उक्त खर्च समेत अमान्य गरेको मिति

२०७५।११।१३ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०४।२६ मा भएको निर्णय समेत न्यायोचित नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ। अव उक्त दुई शिर्षकमा करदाताले पेश गरेको कानूनी तथा करारीय आधार एवं लेजर, वील, भरपाई लगायतका प्रमाणसमेत हेरी पुनः संशोधित कर निर्धारण गर्नु भनी मध्यमस्तरीय करदाता कार्यालयमा लेखी पठाउने ठर्हछ। अन्य शिर्षकको हकमा करदाताको पुनरवेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम Staff welfare and Amenities र Travelling and Conveyance शिर्षकमा करदाताले पेश गरेको कानूनी तथा करारीय आधार एवं लेजर,वील,भरपाई लगायतका प्रमाणसमेत हेरी पुनः संशोधित कर निर्धारण गर्नु भनी मिसिल मध्यमस्तरीय करदाता कार्यालयमा पठाउने ठहरी फैसला भएकोले तारेखमा रहेका करदातालाई मध्यमस्तरीय करदाता कार्यालयको तारेख तोकी फैसला सहितको शुरु मिसिल समेत पठाइ दिनू।

२. प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१. मध्यस्तरीय करदाता कार्यालय बबरमहलका प्रमुख कर प्रशासक श्री झक्क प्रसाद आचार्यबाट भएको मिति २०७५।११।१३ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।१२।१४ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विनोद बहादुर कुँवरबाट मिति २०७७।०४।२६ मा भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६

बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.४३,९१,८६३।०५ को पचास प्रतिशतले हुने रु.२१,९५,९३१।५२ दाखिला नगरेको अवस्थामा धरौटी रकम पुगे/नपुगेको यकिन नगरी, पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७७।०९।१२ मा पुनरावेदन दर्ता गरेको देखियो ।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ मा क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको प्रभावकारी कार्यान्वियन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो । करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारण गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ । न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्‍याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुर्‍याई दर्ता भए/नभएको सम्बन्धमा यकिन गर्नु पर्ने समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको

मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेबिट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्ड मै उल्लेख गर्नु पर्ने देखियो ।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा "अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न" उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम आयकर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ताद्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेतीबाट निर्धारित करको तोकिए

अनुसारको धरौटी अग्रिम दाखिला भएकोले सोको आधारमा राजस्व न्यायाधिकरणले पुनरावेदन दर्ता गरेको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी बाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी दाखिला भएको पाइएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो ।

६. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा यसमा पुनरावेदक देवयानी इन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नं.३०३४०७५४८) को आयकर (२०७१/०७२) तर्फको मुद्दामा आयकर ऐन,२०५८ दफा ११५ र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. १९०१ मिति २०७५।११।१३ को पत्रानुसार नोक्सानीमा फरक परेको करयोग्य आय रु.१,७५,६७,४५२।१९ को २५ प्रतिशले हुने निर्धारित (विवादित) कर रु.४३,९१,८६३।०५ को पचास प्रतिशतले हुने रु.२१,९५,९३१।५२ धरौटी राखेको प्रमाण मिसिल सम्लग्न देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७५।१२।१४ पश्चात पनि सो दाखिला गरेको प्रमाण पेश नभएको नोक्सानी मै रहेको संस्थाले अग्रिगकर वापत दाखिला गरेको रु.८,४३,३२७।- लाइ गणना गर्दा पनि नपुग भएको रु.१२६५,७४०।२७ धरौटी दाखिला गरेको पाइएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) बमोजिमको रु.१३,५२,६०४।५२ धरौटी नपुग देखिएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राखु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ।

प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ

आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र ब्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता

र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.२१,९५,९३१।५२ धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१३. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित

कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको निर्धारित (विवादित) कर रु.४३,९१,८६३।०५ को पचास प्रतिशतले हुने रु.२१,९५,९३१।५२ धरौटी राखेको प्रमाण मिसिल सम्लग्न देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७५।१२।१४ पश्चात पनि सो दाखिला गरेको प्रमाण पेश नभएको नोक्सानी मै रहेको संस्थाले अग्रिगकर वापत दाखिला गरेको रु.८,४३,३२७।- लाइ गणना गर्दा पनि रु.१२६५,७४०।२७ नपुग भएको पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ९ को उपदफा (१) बमोजिम हुने रु.२१,९५,९३१।५२ धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएकोले सो राय तथा ठहर सहितको फैसलामा सहमत हुन सकिएन।

१४. उल्लिखित कानूनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानून तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा "**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानूनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा भएको व्यवस्था विपरित हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन । अतः राजस्व

न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट " पुनरावेदक श्री देवयानी इन्टरनेशनल नेपाल प्रा.लि. (स्थायी लेखा नं.३०३४०७५४८) को आ.व २०७१/०७२ को संशोधित कर निर्धारण गर्दा मध्यमस्तरीय करदाता कार्यालयले बुदा नं. ३ को Staff welfare and Amenities शिर्षकमा खर्च कट्टीको दावी साथ श्रम ऐन,२०४८ को दफा ३३ को कानूनी आधार तथा तेस्रो पक्ष धनलाल मोटर सर्भिससंग गरिएको सम्झौता र खर्चलाई पुष्टि गर्न लेजर, विल भरपाई समेत पेश गरेकोमा त्यस्तो खर्चलाई अमान्य गरेको र बुदा नं. ६ को Travelling and Conveyance खर्च शिर्षकमा दावी गरेको खर्च टेक्नोलोजी ट्रान्सफर सम्झौता अन्तर्गतको रहेको र सोको आधार तथा खर्चलाई पुष्टि गर्ने लेजर,विल भरपाई समेत पेश गरेकोमा उक्त खर्च समेत अमान्य गरेको मिति २०७५।११।१३ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०४।२६ मा भएको निर्णय समेत न्यायोचित नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ।अव उक्त दुई शिर्षकमा करदाताले पेश गरेको कानूनी तथा करारीय आधार एवं लेजर, वील, भरपाई लगायतका प्रमाणसमेत हेरी पुनः संशोधित कर निर्धारण गर्नु भनी मध्यमस्तरीय करदाता कार्यालयमा लेखी पठाउने ठर्हछ" भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१५. यसमा पुनरावेदक देवयानी इन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नं.३०३४०७५४८) को आयकर (२०७१/०७२) तर्फको मुद्दामा आयकर ऐन,२०५८ दफा ११५ र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. १९०१ मिति २०७५।११।१३ को पत्रानुसार नोक्सानीमा फरक परेको करयोग्य रु.१,७५,६७,४५२।१९ को २५ प्रतिशले हुने निर्धारित (विवादित) कर रु.४३,९१,८६३।०५ को पचास प्रतिशतले हुने रु.२१,९५,९३१।५२ धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। यस अवस्थामा माननीय अध्यक्ष तथा कानून सदस्य र राजस्व सदस्यबाट प्रशासकीय

पुनरावलोकनका लागि निवेदन दर्ता गरेको मिति २०७५।१२।१४ भन्दा अगाडि सर्वसञ्चितकोषमा दाखिला गरी आय विवरणमा समावेश गरेको अग्रिम दाखिला रु.८,४३,३२७।- लाई समेत गणना गर्दा पनि प्रचलित ऐनहरु अनुसार दाखिला गर्नै पर्ने पचास प्रतिशत धरौटी दाखिला नगरेको अवस्थामा नोक्सानीमा धरौटी चाहिन्न भनि भएको बहुमतको फैसलामा सहमत हुन सकिएन । दफा ९ अनुसारको धरौटी नराखी दर्ता भएको प्रस्तुत पुनरावेदन दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नु हुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर टाइपः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।०५।२६।१
प्रमाणीकरण गर्ने लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप